*Siddhajyoti Interdisciplinary Journal (SIJ)*
Vol. V, January 2024
(A Peer Reviewed Open Access Research Journal)
ISSN: 2645-8381
Published by Research Management Cell, Siddhajyoti Education Campus, Sindhuli
https://www.nepjol.info/index.php/sij

# *राजेश्वरी* खण्डकाव्यमा काव्यगुण

माया घिमिरे

**Article History**: ***Received:*** 30 June 2023; ***Reviewed:*** 30 November 2023; ***Accepted:*** 10 December 2023

**लेखसार**

*प्रस्तुत लेखमा राजेश्वरी खण्डकाव्यलाई काव्यगुणका आधारमा विश्लेषण गरिएको छ । गुणात्मक अनुसन्धान विधि र पाठविश्लेषण ढाँचामा तयार हुने यस लेखमा सामग्रीको स्रोत पुस्तकालय हो । पाठविश्लेषणको सैद्धान्तिक आधार संस्कृत काव्यचिन्तन अन्तर्गतको काव्यगुण रहने यस लेखको विश्लेषण गरिने कृति राजेश्वरी खण्डकाव्य हो । संस्कृत काव्यचिन्तनमा गुण काव्यको अनिवार्य तत्त्व हो । पूर्वीय काव्यपरम्परामा शब्दाश्रित र रसाश्रित धर्मका रूपमा परिचित गुणलाई आचार्यहरूले आआफ्ना समयमा आआफ्नै ढङ्गले वर्गीकरण गरी यसको सङ्ख्या बढाउने र घटाउने गरे पनि यस लेखमा त्रिगुणका आधारमा राजेश्वरी खण्डकाव्यको विश्लेषण भएको छ । संस्कृत काव्यचिन्तनले स्थापित गरेका त्रिगुणसम्बन्धी मान्यताका आधारमा राजेश्वरी खण्डकाव्य माधुर्य गुणको गुणगत सिद्धि अभिव्यक्त भएको कृति हो । काव्यिक रचनाका क्रममा कोमलकान्त पदावली, करूण रस तथा त्यसका माध्यमबाट पाठकका मानसिकतामा संवेदना सिर्जना गर्ने सुललित पदावली तथा तिनले सिर्जना गर्ने माधुर्यता यस काव्यलाई माधुर्य गुणप्रधान कृति तुल्याउने आधार हुन् । यस खण्डकाव्यमा माधुर्य गुणलाई गुणसिद्धि तुल्याउन सहयोगी भएर ओज र प्रसादगुणको अभिव्यञ्जना भएको छ । यस खण्डकाव्यमा ओजगुणको प्रस्तुति मानव मानसिकतामा रहेका रोष, आक्रोश तथा जगत्लाई मानवीय संवेदनाको अभिव्यक्ति स्पष्ट होस् भन्ने आधार निर्माण गर्ने सन्दर्भमा भएको छ भने त्यसले गुणप्राप्तिका दृष्टिले माधुर्य गुणको अभिव्यक्तिलाई साकार रूप दिन महत्त्वपूर्ण भूमिका खेलेको छ । यस लेखमा प्रसाद गुण ओजगुणका सापेक्ष कथ्यगत आलङ्कारिकता र अन्तर्वस्तुलाई पाठ्य, बोध्य र प्रस्तुतिगत प्रभावकारिता सिर्जनाका लागि प्रेरक रहेको विषयमा विमर्श भएको छ ।*

***शब्दकुञ्जी*** : अलङ्कार, ओज, प्रसाद, माधुर्य, रीति

## परिचय

माधव घिमिरे (१९७६-२०७७) परिष्कारवादी शैली र स्वच्छन्दतावादी भावको समन्वयमा कविता सिर्जना गर्ने कवि हुन् । उनी आधुनिक नेपाली कविताका स्वच्छन्दतावादी धाराका महान् कवि, गीतकार , गीतिनाटककार, निबन्धकार र कथाकार हुन् (अवस्थी, २०६४, पृ.२१४) । वि.सं. १९९२ मा 'ज्ञानपुष्प' शीर्षकको कविता गोरखापत्रमा प्रकाशन गरी नेपाली साहित्यमा पदार्पण गरेका घिमिरेका *नवमञ्जरी* (१९९४), *घामपानी* (२०१०), *नयाँ नेपाल* (२०१३), *गौरी* (२०१५), *राजेश्वरी* (२०१७), *पापिनी आमा* (२०१७), *बाललहरी* (२०२६), *राष्ट्रनिर्माता* (२०२३), *धर्तीमाता* (२०२३), *मालती-मङ्गले* (२०३८), *विषकन्या*

*Copyright 2024 © Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

(२०५०), *सुनपङ्खी चरी* (२०५३) जस्ता काव्यकृतिहरू रचेका छन् । घिमिरे नेपाली साहित्यमा राष्ट्रकविका रूपमा समेत सम्मानित छन्। राष्ट्रकवि घिमिरेको मरणोप्रान्त "ऋतम्भरा" (२०७९) महाकाव्य पनि प्रकाशन भएको छ । उनका खण्डकाव्यमा एकातिर आत्मपरकता, कल्पनाशीलता, ऐतिहासिकता, अतीतोन्मुखता, लोकोन्मुखता, मानवता, समाजोन्मुखताजस्ता प्रवृत्ति अन्तर्निहित भएर आएका हुन्छन् भने अर्कोतिर अभिव्यक्तिगत संयमता, संरचनागत सुसङ्गठितता, उच्च सौन्दर्यचेत, परिष्कृत शैली, छन्दोबद्ध प्रस्तुति, संक्षिप्तताभित्र विस्तृतता जस्ता प्रवृत्ति पनि अन्तर्निहित भएर रहेका छन्। प्रस्तुत *राजेश्वरी* २०१७ सालमा प्रकाशित ऐतिहासिक विषयवस्तुमा आधारित खण्डकाव्य हो ।

प्रस्तुत खण्डकाव्यका विषयमा भएका उपर्युक्त प्रतिनिधि पूर्वकार्यले यो काव्यगुणका दृष्टिले अध्ययनीय रहेको विषयलाई पुष्टि गर्दछन् । यस काव्यले रणबहादुर शाहकी जेठी रानी राजेश्वरीको अतीतको पुण्यगाथालाई काव्यात्मक रूपमा प्रस्तुत गरेको छ । माधव घिमिरेले यो खण्डकाव्यको मुख्य आधार 'सती विज्याय माल' नेवारी लोकगीत हो र यसले राजेश्वरी हेलम्बुमा निर्वासित भएदेखि बागमतीमा सती गएसम्मको मर्ममधुर जीवनको शेष अंशसँग सम्बन्ध राख्दछ (घिमिरे, राजेश्वरीका सम्बन्धमा, पृ.क) भन्दछन् । काव्यमा इतिहासको पानामा नाम लेखाउन सफल, पतिपरायणा तर उपेक्षित, सन्तानहीन तर गीर्वाणकी धर्मकी आमा, उदार हृदय भए पनि दरवारिया षड्यन्त्रका कारण हेलम्बुमा फ्याकिएकी, नेपालको सुनौलो सपना देख्दादेख्दै पच्चीसै वर्षको उमेरमा चितामा चढेकी रणबहादुरकी जेठी रानी राजेश्वरीको जीवन सरल भईकन पनि जटिल र जटिल भइकन पनि सरल हुनुसँगको भाव मर्ममधुर बनेर आएको छ । काव्यमा अन्तर्निहित अङ्गी रसका रूपमा आएको करूण रसलाई उत्कर्षमा पुऱ्याई परिपाकको अवस्थामा पुऱ्याउने काम काव्यगुणले गरेका छन् । अध्ययनमा पूर्वीय काव्य परम्परामा गुणलाई शब्दाश्रित धर्म मान्नेहरूले यसलाई साहित्यमा सौन्दर्य उत्पन्न गर्ने शब्दयोजना, शब्द चमत्कार, अर्थ चमत्कारका रूपमा विमर्श गरेका छन् भने गुणलाई रसाश्रित धर्म मान्नेहरूले काव्यको आन्तरिक तत्त्व रसलाई उत्कर्षमा पुऱ्याउने तत्त्व विशेषका रूपमा विमर्श गरेका छन् । जे होस्, राजेश्वरी खण्डकाव्यमा गुणले काव्यमा रहेका पद, पदावली, ध्वनि, वर्ण, आदिसँग सम्बन्धित र समन्वित भई भावानुभूति र रसानुभूति गराउँदै काव्य सौन्दर्यलाई उत्कर्षमा पुऱ्याएका छन् ।

राजेश्वरी खण्डकाव्यमा करूण, वीर, बीभत्स, श्रृङ्गार, भक्ति, भयानक र शान्तरस लगायतका रसहरूमध्ये करूण रस अङ्गी रसका रूपमा र अन्य रसहरू रसाभासको अवस्थामा पुगी अङ्ग रसका रूपमा रहेर अङ्गी रसलाई परिपाकको अवस्थामा पुऱ्याएका छन् । अवस्थी (२०६४) ले आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्शमा राजेश्वरी खण्डकाव्यमा कथ्य भावअनुसार ठाउँठाउँमा पाञ्चाली र गौडी रीति तथा ओज गुणले ओतप्रोत भएको शैली भेटिए पनि वैदर्भी रीतिमा आश्रित माधुर्य गुणको व्याप्ति नै यसको शैलीगत सम्प्राप्ति हो (पृ.२३४) भनेका छन् । अवस्थीको यस भनाइले *राजेश्वरी* खण्डकाव्यमा त्रिगुण रहेको र त्यसमध्ये पनि माधुर्य गुण सशक्त बनेर रहेको सङ्केत गरेको छ । त्यसैगरी पोखरेल (२०५६) ले माधव घिमिरेका विशिष्ट खण्डकाव्य कृतिमा रीतिका दृष्टिले *राजेश्वरी* वैदर्भी रीतिको कविता हो तापनि त्यसमा पर्याप्त कसावट आएको छ र गौडी रीतिको स्पर्श पनि यत्किञ्चित कतै कतै परेको छ भन्दै यसमा माधर्यु गुण विशेष ओजस्वी बनेर लहरिएको उल्लेख गरेका छन् (पृ.६६) । यस काव्यमा ओज गुणको सिञ्चन र प्रसाद गुणको सर्वव्यापकताले व्यञ्जनात्मक प्रौढता स्थापित गरेको उल्लेख गरिएको यस अध्ययनले *राजेश्वरी* खण्डकाव्यमा काव्य गुण रहेको र माधुर्य गुण लगायतका यी गुणले काव्यात्मक सौन्दर्यता, प्रौढता, सरसता, हृदयसंवेद्यता, अन्तर्निहित भएको स्पष्ट भएको छ ।

समालोचक त्रिपाठी (२०२८) ले आधुनिक नेपाली कविताको भूमिकामा घिमिरेको *राजेश्वरी* खण्डकाव्य राष्ट्रिय अन्तर्राष्ट्रिय सचेतताको चापमा रसमय र प्रौढ शिल्पमय अभिव्यञ्जना बन्न पुगेको छ भनेका छन् । उनको यस अध्ययनले यो खण्डकाव्यमा अन्तर्निहित रसमयता, प्रौढता र सौन्दर्य चेतको

प्रेरक तत्त्व काव्यगुण हो भन्ने तथ्यलाई सङ्केत गरेको छ। उपर्युक्त पूर्वाध्यायनमा काव्यगुणकै केन्द्रीयतामा रही रीति, रस, अलङ्कार, ध्वनि, आदिको चर्चा गरिएको हुनाले यी अध्ययनले काव्य गुणका आधारमा *राजेश्वरी* खण्डकाव्य अध्ययनीय सामग्री रहेको पुष्टि गर्दै अध्ययनका लागि स्थान रिक्त रहेकाले मार्गनिर्देश गरेका छन्। काव्यको विषयवस्तु, पात्रहरूको अवस्था, प्रबन्धविधान, शब्दसंयोजन, वर्णसंयोजन, अभिव्यक्ति कौशलता, छन्दप्रयोग, भावबोध, सौन्दर्यानुभूति आदिले पनि यस काव्यमा काव्यगुणको अध्ययन गर्न सकिने आधार प्रस्तुत गरेका छन्। अध्ययनमा यिनै काव्यतत्त्वसँग काव्यगुणको संयोजन गरी विश्लेषण गरिएको छ। राजेश्वरी खण्डकाव्यको काव्यसौन्दर्यलाई उत्कर्षमा पुऱ्याउने काव्यगुणको विश्लेषणसँग यो अध्ययन सम्बन्धित छ। काव्यगुण संस्कृत साहित्य परम्परामा रस, ध्वनि, अलङ्कारजस्तै मीमांसाको एउटा महत्त्वपूर्ण पक्ष भएकाले त्यही साहित्यिक मीमांसाका आलोकमा *राजेश्वरी* खण्डकाव्यको विवेचना गर्ने मुख्य समस्या यस लेखले प्रस्तुत गरेको छ।

माधवप्रसाद घिमिरेका कविताकाव्यलाई पूर्वीय काव्यचिन्तनका विभिन्न मानकका आधारमा अध्ययन तथा विश्लेषण गर्न सकिने भएपनि यस लेखमा 'राजेश्वरी' खण्डकाव्यमा त्रिगुण के कस्तो अवस्थामा कसरी अभिव्यञ्जित भएका छन्, काव्यमा तिनको प्रभाव कस्तो छ र प्राप्ति के हो भन्ने विषयमा केन्द्रित भई अध्ययन तथा विश्लेषण भएको छ। त्यसैले 'राजेश्वरी' खण्डकाव्यमा काव्यगुण शीर्षकको प्रस्तुत लेखमा 'राजेश्वरी' खण्डकाव्यमा काव्यगुण मूल समस्याका रूपमा रहेको छ र यस मूल समस्यासँग सम्बन्धित भएर आउने शोध्य प्रश्नहरू यसप्रकार रहेका छन् :

(क) 'राजेश्वरी' खण्डकाव्यमा काव्य गुणको अवस्था के कस्तो छ ?

(ख) 'राजेश्वरी' खण्डकाव्यमा ओज गुणको प्रयोग कसरी गरिएको छ ?

(ग) 'राजेश्वरी' खण्डकाव्यमा प्रसाद गुणको अवस्था के कस्तो छ ?

प्रस्तुत लेख 'राजेश्वरी' खण्डकाव्यमा काव्यगुणको विश्लेषण र अर्थापन गर्ने समस्याको समाधानमा केन्द्रित छ। यो लेख पूर्वीय काव्य चिन्तन अन्तर्गतको काव्यगुण र त्यसका अन्तर्यमा केन्द्रित माधुर्य, ओज र प्रसाद गुणमा केन्द्रित भई हुन नसकेको अध्ययनको रिक्तताका साथै तद्विषयक प्रायोगिक पक्षको प्राज्ञिक औचित्य पुष्टि गर्ने उद्देश्यमा केन्द्रित छ। 'राजेश्वरी' खण्डकाव्यमा काव्यगुण र त्यसमा पनि त्रिगुणको सैद्धान्तिक पक्षका आधारमा विश्लेषण गरिने यस लेखले 'राजेश्वरी' खण्डकाव्यका माध्यमबाट भावी अध्येताका लागि मार्गनिर्देश गर्ने प्राज्ञिक उद्देश्यको परिपूर्ति गरेको छ। 'राजेश्वरी' खण्डकाव्यमा काव्यगुणको अध्ययनमा केन्द्रित हुनु यसको क्षेत्र हो भने अन्य पक्षमा प्रवेश नगर्नु यसको सीमा हो।

## अध्ययन विधि

प्रस्तुत लेखको मुख्य समस्यासित सम्बन्धित सामग्री सङ्कलन पुस्तकालयबाट भएको छ। यस लेखमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको प्रयोग भएको छ। यस लेखमा प्राथमिक स्रोतको सामग्री *राजेश्वरी* खण्डकाव्य हो भने द्वितीय स्रोतका रूपमा काव्यगुणसम्बन्धी गरिएका सैद्धान्तिक र राजेश्वरी खण्डकाव्यका बारेमा गरिएका प्रायोगिक पूर्वाध्ययन रहेका छन्। सामग्री विश्लेषणका लागि पाठविश्लेषणमा आधारित गुणात्मक अनुसन्धान पद्धतिको उपयोग भएको छ। प्रस्तुत लेखमा समस्याको समाधानको लागि पूर्वीय काव्यपरम्पराको काव्यगुणलाई सैद्धान्तिक आधारको रूपमा लिइएको छ। अध्ययनलाई निष्कर्षमा पुऱ्याउनका लागि विश्लेषणात्मक र व्याख्यात्मक विधिको प्रयोग भएको छ।

## सैद्धान्तिक पर्याधार

संस्कृत काव्यशास्त्रमा गुणलाई काव्यको अनिवार्य तत्त्वका रूपमा चर्चा गरे तापनि रस, ध्वनि, वक्रोक्ति, अलङ्कार, रीति आदि काव्यतत्त्वलाई जस्तै स्वतन्त्र रूपमा स्पष्ट, व्यापक र विस्तृत चर्चा गरिएको छैन। गुणको इतिहास खोज्दै जाँदा आचार्य भरतमुनिसम्म पुग्न सकिन्छ। संस्कृत काव्य परम्परामा काव्य गुणलाई शब्दार्थ आश्रित धर्म र रसाश्रित धर्मका रूपमा अर्थ्याउने गरिएको छ।

अलङ्कारवादी रीतिवादी आचार्य (भामह, दण्डी, वामन, अग्निपुराणकार) हरूले यसलाई अलङ्कार र रीतिसँग सम्बद्ध तुल्याई चर्चा गरेका छन् भने रसध्वनिवादीहरूले रसाश्रित धर्म मानेका छन् (अधिकारी, २०४३, पृ.९६)। पूर्वीय काव्य परम्परामा काव्यगुणलाई आचार्यहरूले आआफ्नै समयमा आआफ्नै ढङ्गले परिभाषित गर्ने क्रममा आचार्य भरतले काव्यदोषको विपरीत तत्त्व गुण हो भनेका छन् (भट्टराई, २०३९, पृ.२७८)। आचार्य भामहले अलङ्कार र गुणका बीच अभेद सम्बन्ध देखाउँदै गुणलाई अलङ्कारका रूपमा हेरेका छन् भने आचार्य दण्डीले अलङ्कारको व्यापकताभित्र गुणलाई अलङ्कारभन्दा विशिष्ट शब्द र अर्थका उपकारक तत्त्व भनेपनि अलङ्कार र गुणका बीचमा स्पष्ट भेद देखाएका छैनन्।

गुणलाई स्पष्ट रूपमा अर्थ्याउने र व्यवस्थित गर्ने आचार्य वामन हुन्। रीतिवादी आचार्य वामनले गुण काव्यको शोभाकारक धर्म हो र अलङ्कार काव्य शोभा बढाउने कारण हो भन्दै गुण र अलङ्कारमा भेद रहे पनि गुणमा शब्दार्थ सम्बन्ध रहने भएकाले यसलाई काव्यको अनिवार्य तत्त्व मान्दछन्। यसरी वामनका मतमा गुण शब्द र अर्थको धर्म हो र यो काव्यका लागि अनिवार्य तत्त्व पनि हो (सुवेदी, २०५५, पृ.२२३)। अग्निपुराणकारले अलङ्कारलाई काव्य शोभाकारक, धर्म र गुणलाई काव्यको सौन्दर्य विधायक तत्त्व मानेका हुँदा यी दुवैमा स्पष्ट सीमा रेखा कोरेका छैनन्। अलङ्कृत काव्य पनि गुणरहित भयो भने त्यसमा काव्यसौन्दर्य झल्कदैन भन्दै उनीहरूले अलङ्कारलाई भन्दा गुणलाई बढी महत्त्व दिएका छन् (शर्मा र लुईटेल, २०६१, पृ.२२)। यसरी अलङ्कारवादी तथा रीतिवादी आचार्यहरूले काव्य गुणलाई साहित्यमा सौन्दर्य उत्पन्न गर्ने नित्य र अनिवार्य काव्य तत्त्वका रूपमा चर्चा गर्दै यो शब्द चमत्कार र शब्दयोजनामा निर्भर हुने कुरा उल्लेख गरेका छन्। सुवेदी (२०५५) ले *साहित्यकोश* मा काव्यगुणलाई काव्यमा सदा विद्यमान काव्य शोभाको उत्कर्ष बढाउने रसात्मक धर्मका रूपमा चिनाएका छन् (पृ.२२३)। यसै परम्परामा रसध्वनिवादी आचार्यहरूले गुणलाई रसाश्रित तत्त्वका रूपमा अर्थ्याएका छन्। ध्वनिवादी आचार्य आनन्दवर्धनले गुणको अस्तित्वलाई रससँग समन्वित गरी रसको पोषण गर्ने तत्त्वका रूपमा गुणलाई चिनाएका छन् भने आचार्य मम्मटले आफ्नो ग्रन्थ *काव्यप्रकाश* मा गुणलाई रसको अभिन्न तत्त्वका रूपमा चिनाउँदै यसलाई रसोत्कर्षको कारण मान्दछन् (पृ.४२२-४३४)। आचार्य विश्वनाथ र जयदेवले पनि मम्मटको विचारलाई अनुसरण गरी काव्यको आत्माको रूपमा रहेको रसलाई उत्कर्षमा पुऱ्याउने माधुर्य आदिलाई काव्य गुण भनिन्छ र यी रसका धर्म हुन् भनेका छन्। सत्रौं शताब्दीका आचार्य जगन्नाथले पनि रसलाई काव्यको आत्मा मानी गुणलाई शब्दार्थको धर्म स्वीकारेका छन्। यसरी पूर्वीय काव्य परम्परामा गुणलाई स्वतन्त्र काव्य तत्त्वका रूपमा स्थान नदिए पनि यसलाई काव्यको अनिवार्य तत्त्वका रूपमा चिन्तन, मनन गर्ने परम्परा भने भरतमुनिदेखि लिएर जगन्नाथसम्म निरन्तर प्रवाहित भएको छ। यी विचारलाई मन्थन गर्दा काव्यमा शब्दार्थआश्रित धर्मका रूपमा रहेर होस् वा रसाश्रित धर्मका रूपमा रहेर होस् काव्यसौन्दर्यलाई उत्कर्षमा पुऱ्याउने काव्यको अनिवार्य तत्त्व गुण हो। यो काव्यमा सदा विद्यमान रहेको हुन्छ।

काव्य गुणका सङ्ख्याका सम्बन्धमा पनि पूर्वीय काव्य परम्परामा मतैक्यता पाइँदैन। आचार्य भरतमुनिले नाट्यशास्त्रमा श्लेष, समता, प्रसाद, समाधि, माधुर्य गरी काव्य गुणलाई दस प्रकारमा वर्गीकरण गरेका छन् (भट्टराई, २०३९, पृ.२८०)। अलङ्कारवादी आचार्य भामहले आफ्नो ग्रन्थ काव्यालङ्कारमा माधुर्य, ओज र प्रसाद त्रिगुणको चर्चा गरेका छन् (अधिकारी, २०४३, पृ.९७)। गुणका सङ्ख्याका सम्बन्धमा दण्डीले भरतले उल्लेख गरेका दस गुणलाई स्वीकार्दै गुणका नाममा अन्तर पारेका छन्। रीतिवादी आचार्य वामनले गुणलाई शब्दगुण र अर्थगुण गरी दुई प्रकारमा वर्गीकरण गर्दै दुवैलाई दस दस प्रकारमा वर्गीकरण गरी गुणको संख्या बीस पुऱ्याएका छन्। वक्रोक्तिवादी आचार्य कुन्तकले गुणलाई साधारण गुण र विशेष गुण गरी दुई प्रकारमा वर्गीकरण गर्दै तीनका पनि भेदोपभेद गरेका छन् भने आचार्य भोजले काव्य गुणलाई श्लेष, समता, माधुर्य, समाधि आदि गरी गुणको सङ्ख्या चौबीस पुऱ्याएका

छन् भने आचार्य जगन्नाथले गुणलाई दुई प्रकारमा वर्गीकरण गरी तिनका भेदोपभेद देखाएका छन् । यसरी पूर्वीय काव्यशास्त्रीहरूमा गुणको वर्गीकरणका सम्बन्धमा देखिएका मतमतान्तरलाई हेर्दा दुई थरी प्रवृत्तिहरू देखिन्छन् ।

एकथरी आचार्यहरूले भरत प्रतिपादित गुणको सङ्ख्या घटाउने क्रममा छन् भने अर्काथरी आचार्यहरू गुणको सङ्ख्या वृद्धि गर्ने पक्षमा छन् । आचार्य भामह, आनन्दवर्धन, राजशेखर, मम्मट, विश्वनाथ आदि त्रिगुणवादी आचार्यका रूपमा परिचित छन् भने अग्निपुराणकार, वामन आदिले गुणको सङ्ख्या वृद्धि गरेका छन् (उपाध्याय, २०६७, पृ.१४९) । भामहको त्रिगुणवादी स्थापनालाई उत्तरवर्ती आचार्यहरू मम्मट, विश्वनाथ, जगन्नाथ आदिले स्वीकार गरेका छन् र यसै अवधारणाले बढी महत्त्व पाएको छ। गुणको सङ्ख्याका सम्बन्धमा नेपाली समालोचक नारायणदत्त शास्त्री, केशवप्रसाद उपाध्याय, गोविन्दप्रसाद भट्टराई, सोमनाथ सिग्द्याल आदिले पनि मम्मट, विश्वनाथकै त्रिगुणलाई स्वीकार गरेका छन् (भट्टराई, २०७७, पृ.२२०) । यस लेखमा पनि काव्यमा मधुर भावले चित्तलाई पगाल्ने वा चमत्कृत गर्ने माधुर्य, कठोर र साहसी कार्यलाई उत्साहित गर्ने ओज र सबै किसिमका भावमा उत्तरोत्तर प्रगति हुने सरल, सहज मध्यमार्गी मानिने प्रसाद गुणका आधारमा *राजेश्वरी* खण्डकाव्यको विश्लेषण गरिएको छ। खण्डकाव्यमा यी तीनै गुणको सन्तुलित प्रयोगावस्थाका कारण काव्यसौन्दर्य उत्कर्षमा पुगेको र करूण रस परिपाकको अवस्थामा पुगी रसानुभूति भएको निष्कर्ष निकालिएको छ। त्रिगुणसम्बन्धी यस विवेचनापछि माधुर्य, ओज र प्रसाद गुणसँग सम्बन्धित सिद्धान्त कृतिको विश्लेषणका क्रममा तलका सन्दर्भमा प्रस्तुत भएको छ ।

## नतिजा र छलफल

प्रस्तुत *राजेश्वरी* (२०१७) खण्डकाव्य ऐतिहासिक घटनामा आधारित छ। यो कविता शार्दूलविक्रीडित तथा शिखरिणी छन्दका २० छाल र १०० श्लोकमा संरचित छ। नेवारी लोक गीत 'सती विज्यायमाल' बाट प्रेरित र प्रभावित भई लेखिएको यो खण्डकाव्य रानी राजेश्वरीका जीवनका महत्त्वपूर्ण पक्षसँग सम्बन्धित भएर आएको छ। काव्यमा जुन गुण विशेष गुणका रूपमा आउँछ त्यसको रचना र भाव पनि त्यही सुहाउँदो हुनुपर्छ । राजेश्वरी खण्डकाव्यमा भावनालाई नाटकीय ढङ्गले गतिशील तुल्याउँदै राजेश्वरीलाई हेलम्बूमा एकाकी जीवन बिताउन नदिई किन र कसरी सती जान बाध्य पारियो, उनको जिजीविषा कसरी खोसियो भन्ने कारूणिक भावलाई काव्यात्मक रूपमा उतारिएको छ। यस खण्डकाव्यमा पूर्वीय काव्य शास्त्रमा प्रमुख गुण स्वीकारिएका माधुर्य, ओज र प्रसाद तीनवटै गुण अन्तर्निहित भएर आएका छन्, जसलाई निम्नानुसार विश्लेषण गरिएको छ :

### माधुर्य गुण

चित्तलाई पगाल्ने किसिमको भावले युक्त आह्लादलाई माधुर्य गुण भनिन्छ। आचार्य भरतमुनिका मतमा श्रुतिमधुरता वा श्रुतिसुखदता नै माधुर्य गुण हो भने भामहले श्रुतिमधुरताका साथै असमस्त पदको प्रयोगलाई माधुर्य गुण भनेका छन् (भट्टराई, २०३९, पृ.२८०) । दण्डीले रसयुक्तता नै माधुर्य गुण हो भनेका छन्। ध्वनिवादी आचार्य आनन्दवर्धनले हृदयलाई पवित्र पार्ने गुण नै माधुर्य हो भनी चिनाएका छन् भने मम्मटले काव्यमा चित्तमा आह्लादकत्व उत्पन्न गर्ने वस्तुका रूपमा माधुर्य गुणलाई चिनाएका छन् (शर्मा र लुईटेल, २०६१, पृ.८५) । पूर्वीय आचार्यहरूका यी विचारहरूलाई समन्वय गरी विश्वनाथले चित्तलाई द्रवित पार्ने र आल्लादकत्व उत्पन्न गर्ने भावमय काव्य गुण माधुर्य गुण हो भनेका छन् । चित्तलाई द्रवीभाव गराउने अर्थात् क्रोधादि भावले विहीन गराएर अतिशय पगाल्दै सहृदयको हृदयलाई आनन्दित गराउने गुण माधुर्य गुण हो (भट्टराई, २०७७, पृ.२२०) । माधुर्य गुण वैदर्भी रीतिको आधार मानिन्छ। यो शृङ्गार, करूण र शान्त रसका कवितामा बढी उपयुक्त मानिन्छ। समासरहित छोटा छोटा शब्दहरूको प्रयोगलाई उचित मानिने यस गुणमा पञ्चम वर्गका वर्णहरूको संयोग कठोर (ट, ठ, ड, ढ,

श, ष ) वर्णहरूसँग उचित मानिदैन । कोमल वर्णहरूको प्रयोग उपयुक्त मानिने यो गुणले युक्त काव्य श्रुतिमधुर, बोधगम्य र आह्लादक हुन्छ ।

राजेश्वरी खण्डकाव्यको विषयवस्तु नै पाठकको चित्तलाई पगाल्ने किसिमको छ, कारूणिक र मर्मस्पर्शी छ। यस खण्डकाव्यमा कोमल, करूण विषयका उक्तिमा तदनुकूलको कामनीय ध्वनि अभिव्यञ्जित भएको छ (पोखरेल, २०५६, पृ.४९) । खण्डकाव्यका पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौं छालका धेरै श्लोकहरूमा श्रृङ्गार र करूण रसको प्रयोग भएको छ भने पन्ध्रौं, सत्रौं, अठारौं र उन्नाइसौं छालमा पनि अधिकांश श्लोकहरूमा कोमल वर्ण सङ्गठन, समासरहित पद, पदावलीको प्रयोग गरिएको छ र बीसौं छालमा निर्वेद/वैराग्य र शोकयुक्त करूण भाव अभिव्यञ्जित भएको छ जुन माधुर्य गुणको निम्ति उपयुक्त मानिन्छ। यस काव्यमा करूण रस परिपाकमा पुगेको छ भने अन्य रसहरू अङ्ग रसका रूपमा आएका छन् :

एक्लो कोमल प्याउली कुसुम यो एक्लासमै फुल्न द्यौ ।
सन्ध्यामा छलिने कुनै किरण यो कैलाशमै डुल्न द्यौ ॥
मान्छेबाट नकाट दुःख-सुखको यौटै पनी यो क्षण ।
सारा सृष्टि सिंगार्छ इन्द्रधनुको यौटै पनी यो कण ॥ (राजेश्वरी (२०५०, १९:५)

प्रस्तुत मर्मस्पर्शी पङ्क्तिहरू यस काव्यकी नायिका राजेश्वरीलाई राजाको (झुटो) प्रेम सन्देश सुनाएर अनेकौं जालझेल गरी आर्यघाटमा पुऱ्याएर पच्चीसै वर्षको कलिलो उमेरमा चिताको भर्भराउँदो आगोमा चढ्न बाध्य बनाएको अवस्थामा दर्शकहरू मध्येको एक दार्शनिकले अभिव्यक्त गरेको हो । यी पङ्तिमा पतिपरायणा तर सधैं उपेक्षित, सन्तानहीन तर गीर्वाणकी धर्मकी आमा उदार हृदया तर दरवारिया षड्यन्त्रले हेलम्बूमा फ्याँकिएकी (घिमिरे, क) राजेश्वरीलाई हेलम्बूमै स्वन्तन्त्रतापूर्वक फुल्न र फक्रन दिइनुपर्ने भाव व्यक्त भएको छ। उनको जिजीविषा र भोगेच्छालाई जबर्जस्ती निमोठ्न थालिएकोमा काव्यांशमा बाँच्ने अधिकार प्रदान गर्न अनुरोध गरिएको छ । यी पङ्तिमा  राजेश्वरीको हेलम्बूमै फर्केर बाँच्न पाऊँ भन्ने वैकल्पिक मार्गलाई अवरोध गर्नु हुँदैन भन्ने मानवतावादी दर्शन काव्यमा अभिव्यक्त भएको छ । जीवनका आशातीत किरण बोकेर कैलाशमा रमाउन खोजेको आत्मालाई बन्दी बनाई परम्पराका नाममा अग्नि ज्वालामा होम्नु हुँदैन भन्ने प्रतीयमान भावाभिव्यक्त भएको छ। प्रकृतिको शीतल छहारीमा खेल्न चाहने मानव आत्मालाई जबर्जस्ती चितामा होम्न लागिएको अवस्थामा अभिव्यक्त यी काव्यांशमा जीवन हरण गर्ने अधिकार कसैको नभएको विषय अभिव्यर्ञ्जित भएको छ ।

काव्यांशमा मानव आत्माको चित्कारलाई सबैले मनन गर्नुपर्ने कारूणिक भावका कारण माधुर्य गुण अभिव्यञ्जित भएको छ। इन्द्रेणीको एक रङ्गले सारा सृष्टिलाई सौन्दर्यमय बनाएजस्तै बाँच्न चाहने यो एकात्माले पनि सृष्टिलाई सिंगार्न सक्छ भन्ने यी काव्यांशले पाठक/श्रोतालाई श्रुति माधुर्यता र आह्लादकत्वको अनुभूति गराएका छन् । हेलम्बूबाट झुक्याएर ल्याइएकी राजेश्वरीलाई प्रकृतिको सुन्दर छहारीमै एकाकी जीवन बिताउन दिनुपर्छ, जबर्जस्ती उनको जिजीविषालाई अपहरण गर्नु हुँदैन भन्ने प्रतीयमान भाव अभिव्यक्त भएको छ। काव्यांशमा माधुर्य गुण व्यञ्जक वर्णहरू क, ख, ग, च, छ, न, म आदिको प्रयोग भएको छ र पञ्चम् वर्णको कठोर वर्णसँग मेल भएको छैन। यहाँ समस्त शब्दलाई वर्जित गरिएको छ । यी काव्यांशमा गंभीर भावहरू सहज रूपमा अभिव्यक्त भएका छन् । सरल सहज भाषा, गंभीर भावतत्त्व, समासरहित शब्दको प्रयोग, सन्धिरहित २, ३, ४ अक्षरका एक्लो, कोमल, पनी, यौटै, सन्ध्यामा प्याउली जस्ता शब्दको आधिक्यता रहेको हुनाले माधुर्य गुण अन्तर्निहित भएर रहेको छ । उपर्युक्त काव्यांशमा अन्तर्निहित भाव र रचना कौशल दुबैका कारण माधुर्य गुणको अनुभूति भएको छ :

रानी भैकन यो वसन्तपुरमा पैले म आएँ प्रिय ।
जानेकी छु हजार दुःख सुखमा कस्तो छ तिम्रो हिय ॥
धेरै धूर्त र अमात्यले र निठुरी सौताहरूले तर ।

बारम्बार हरे पनी हृदय त्यो फर्कन्छ रे मैंतिर ॥ (ऐ, ४ : ३)

प्रस्तुत काव्यांश राजाको (झुटो) प्रेम सन्देश सुनेपछि पतिपरायण तर उपेक्षित सरल हृदय भएकी राजेश्वरीले विश्वासमा परी यी श्रृङ्गारिक भावाभिव्यक्त गरेकी हुन् । कर्तव्यमा कहिल्यै नचुक्ने राजेश्वरीले आफ्ना प्रियको अन्तरआत्मालाई बुझेको अतीतावलोकन व्यक्त गरेकी छन् । दरवारिया षड्यन्त्र र सौताहरूको चालबाजीले टाढिन बाध्य भएका पतिलाई सम्झदै प्रेम सन्देशबाट विश्वस्त भएकी छन् । मधुरभाव र श्रृङ्गार रस प्रबल बनेर आएको यस काव्यांशमा समासरहित रानी, प्रिय, अमात्य, सौता, हृदयजस्ता समासरहित शब्दहरूको प्रयोग तथा क, ख, त, प, न, मजस्ता कोमल वर्णको प्रयोगले पनि माधुर्य गुण अभिव्यञ्जित भएर आएको छ । बाध्यात्मक अवस्थामा टाढिनु परेको राजेश्वरीको मन पगाल्ने चमत्कृत भावाभिव्यक्ति, समासरहित छोटा शब्दको प्रयोग, वैदर्भी रीतिको आधारका रूपमा रहेको काव्यांशमा कोमल वर्णको पुनरावृत्तिका कारण काव्यमा माधुर्य गुण अभिव्यञ्जित भएर आएको छ :

आमा त्यो दिन मुस्कुराइ मुखमा खाएर म्वाइँ गयौ ।
मैले देखिन फर्किएर कसरी आँसु लुकाई गयौ ॥
जाँदै छौ वन, वासिनी हुन भने मैले अहो जानिन ।
त्यो बेला अनजान पाँच वयको बच्चा भए हूँ किन ॥ (ऐ, १४ : २)

प्रस्तुत साक्ष्यमा श्रृङ्गार मिश्रित कारूणिक भाव अभिव्यञ्जित भएको छ । सन्तानहीन तर गीर्वाणकी धर्मकी आमा राजेश्वरीले दरबारबाट उपेक्षित भई निर्वासित जीवन जिउन जाँदाको कारूणिक दृश्यलाई बालक गीर्वाणले स्मृतिपटलमा सजाएका छन् । गीर्वाण र राजेश्वरीको वियोग तथा बिछोडको अवस्थाको भावलाई अभिव्यक्त गरिएको यस काव्यांशमा समासमुक्त पदको प्रयोग गरिएको छ । मातृवियोगको भावलाई सुमधुर र सुकोमल शैलीमा रसध्वनिको प्रयोग गर्दा भाव सहज र सरल रूपमा अभिव्यञ्जित भएको छ । चित्तलाई पगाल्ने कोमल वर्ण (म, न, ग, य, प, ब) को पुनरावृत्ति, रसध्वनिको प्रयोग, वैदर्भी रीतिका कारण भावको उचित संयोजन भएको छ । यस काव्यांशमा सम्प्रेष्य, सरल शैलीमा अबोध बालकका मर्ममधुर चित्ताकर्षक भावानुभूति अभिव्यक्त भएकाले माधुर्य गुण अभिव्यञ्जित भएर आएको छ । आमा त्यसरी वनवासिनी हुँदा मैले किन जानिन, बुझिन होला भनी गीर्वाणले मातृवात्सल्ययुक्त सुकोमल भावलाई अभिव्यक्त गरेको छ । यसरी यस काव्यमा कारूणिक भाव, भाषा, शैली, छन्द सबै दृष्टिले मार्धुय गुण सशक्त बनेर रहेको छ :

मैले पाइन लोकलाई दिन जो नौला नयाँ सिर्जना ।
मैले पाइन मेट्न जो हृदयको मेरै सयौं तिर्सना ॥
होउन् लीनसमस्त एक शिशुको यै म्वाइको स्वादमा ।
आत्मा होस् परितृप्त एक रसको यै सच्चिदानन्दमा ॥ (ऐ. १५ : ५)

प्रस्तुत साक्ष्यमा राजेश्वरीका आत्माका कोमल भावहरू अभिव्यक्त भएका छन् । यहाँ उनले मृत्यु होइन जीवन खोजेकी छन्, यो लोकलाई नयाँ ढङ्गले सञ्चालन गरी जनसेवक बन्न चाहेको भाव अभिव्यञ्जन गरेकी छन् । उनले गीर्वाणको नायवी भई यो देशलाई केही दिन चाहेको, परिवर्तन गर्न खाजेको र त्यसैमा आफूलाई स्वर्गीय आनन्दानुभूति हुने भाव व्यक्त गरेकी छन् । सबैको अभिभावक बनेर जनसेवा गर्दा नै आफूलाई सन्तुष्टि मिल्ने, मुलुकलाई संमृद्ध बनाउने तिर्सना मेटिने भाव व्यक्त गरेकी छन्, उनले यहाँ बाँचेर अरूका लागि केही गर्न खोजेकी छन् । यस अभिव्यक्तिले उनको चरित्रको विशिष्टता बोध गराएको छ । उनको सिर्जनशील आत्मामा सारा जनताको रानीमाहुरीजस्तै बनी सेवा गर्ने र मुलुकलाई परिवर्तन गर्ने चाहना रहेको हुनाले चितामा जलेर होइन अहिलेसम्म पूरा गर्न नपाएको, लोककल्याणकारी कार्यबाट आनन्दानुभूति हुने भाव अभिव्यञ्जित भएको छ । राजेश्वरीका यी अभिव्यक्तिले

पाठकको मन द्रवित भएको छ, संवेदनशील भएको छ। यस काव्यांशमा समासरहित छोटा पदको प्रयोग, कोमल वर्णको प्रयोग, सुमधुर रचना, सहज, सङ्लो भाव, सुमधुर शैली, शार्दूलविक्रीडित छन्दको प्रयोग, ध्वन्यार्थको प्रस्तुति आदिका कारण माधुर्य गुण अभिव्यञ्जित भएको छ :

आएको पनि तीन वर्ष अब यो एकान्तमा भैसक्यो ।
रानी नै नभएर कान्तिपुरको शोभा सबै गैसक्यो ॥
सम्झी प्यार पुरानु यो विरहको पाहाडदेखिन् झर ।
इन्द्रेनी नभको नुहुन्छ जसरी तिर्खाइ खोलातिर ॥ (ऐ, १ : ५)

प्रस्तुत काव्यांश रानी राजेश्वरीलाई लिन गएका दूतले व्यक्त गरेका हुन् । काव्यांशमा निर्वासित भइ हेलम्बुमा एक्लै बसेकी रानी राजेश्वरीलाई तिमी यहाँ आएको पनि तीन वर्ष भैसक्यो । तिमीबिना कान्तिपुर उजाड भएको छ, पुत्र गीर्वाण तथा राजासँगको विरहव्यथाको त्यो अतीतलाई संझेर पनि तिमी कान्तिपुर जानुपर्छ भन्दै जाल बुनेर झुटो समाचार सम्प्रेषण गरेका छन् र उनको जिजीविषामाथि खेलवाड गरेका छन् । तिमीबिना कान्तिपुर उजाड भैसकेको छ, तिमीले आफ्नो अतीतावलोकन गर्न जरूरी छ, तिमीबिना राजा र राज्य गतिशील हुन गाह्रो छ, तिम्रो कारण सबै उजाड छन्, त्यसैले आकाशको इन्द्रेणी निहुरेर खोलामा पुगेजस्तै तिमी पनि राजासँगको अतीतलाई स्मरण गरी फर्केर सबैमा जीवन भर्नु पर्ने वियोग श्रृङ्गार रसयुक्त सन्देशमा मर्मस्पर्शी भाव अभिव्यञ्जित भएकाले यस काव्यांशमा माधुर्य गुण रहेको छ । काव्यांशमा क, न, म, प जस्ता कोमल वर्णको पुनरावृत्ति, वर्णमात्रिक छन्दको प्रयोगका कारण उत्पन्न श्रुतिमाधुर्यता, छोटा पद तथा पदावलीको प्रयोग र मर्मस्पर्शी अभिव्यक्तिका कारण माधुर्य गुण अन्तर्निहित भएर रहेको छ ।

सय श्लोक रहेको राजेश्वरी खण्डकाव्य माधुर्यगुण प्रधान काव्य हो । यस काव्यमा चित्तलाई पगाल्ने कोमल वर्णको प्रयोग, समासरहित दुई वा तीन अक्षरी शब्दको आधिक्यता, अङ्गी रसका रूपमा करूण रसोचित सरल, सरस, सुमधुर भावाभिव्यक्ति, वीर, वियोग श्रृङ्गार, भक्ति, वात्सल्य, शान्तजस्ता अङ्ग रसको प्रयोग, चित्ताकर्षक शैली, शार्दूलविक्रीडित र शिखरिणीजस्ता शास्त्रीय छन्द, राजेश्वरीको कारुणिक मर्मस्पर्शी जीवनगाथा माधुर्य गुणका कारक भएर आएका छन् । मानवीय संवेदना सिर्जना गर्ने पहिलो छालदेखि छैटौँ छालको पहिलो श्लोकसम्मका छब्बीस श्लोकमा माधुर्य गुण अभिव्यञ्जित छ। यस काव्यको चौधौँ र पन्ध्रौँ छालका वियोग र वात्सल्य भावले युक्त दस श्लोकमा माधुर्य गुण अन्तर्निहित छ । यसका साथै सोह्रौँ र सत्रौँ छालका प्रथम श्लोक तथा अठारौँ, अन्नाइसौँ र बीसौँ छालका सबै श्लोक गरी सत्ताइस श्लोकमा माधुर्य गुण अभिव्यञ्जित भएको छ। यस काव्यमा आएका ओज र प्रसाद गुणयुक्त भावाभिव्यक्ति पनि माधुर्य गुणका पोषक भएर रहेका छन् । यसरी यस काव्यका आधाभन्दा बढी श्लोकमा सहज, श्रुतिमधुर, आलङ्कारिक शैलीमा प्रबल जिजीविषा भएकी राजेश्वरीको मार्मिक गाथा चित्ताकर्षक भाव र शैलीमा अभिव्यञ्जित भएकाले माधुर्य गुण प्रधान बनेको छ ।

**ओज गुण**

ओजको अर्थ तेज र फूर्ति हो । वक्ता वा श्रोता दुवैका मनमा उत्साह, वीरता र आवेश जागृत गराउन सक्ने खुबी भएको गुण ओज गुण हो (सुवेदी, २०५५, पृ.२२६) । आचार्य भरतले दीर्घ समास, अर्थगाम्भीर्य र श्रवण सुखदता भएको गुण ओज गुण हो भनेका छन् भने आचार्य भामहले समासको बाहुल्य रहेको काव्य गुणलाई ओज गुण भनेका छन् (भट्टराई, २०३९, पृ.२८०) । दण्डीले समस्त पदहरूको आधिक्य रहेको गुण ओज गुण हो भनेका छन् । त्यसैगरी ध्वनिवादी आचार्य आनन्दवर्धन र मम्मटले चित्तलाई दीप्त पार्ने गुणका रूपमा ओज गुणलाई चिनाएका छन् । आचार्य विश्वनाथका अनुसार चित्तलाई विस्तार गर्ने तेजयुक्त काव्य गुण ओज गुण हो । मूलतः गौडी रीतिको आधार मानिने यस गुणमा वीर, रौद्र र वीभत्स रसका कवितामा अनुकूल मानिन्छ (भट्टराई, २०७७, पृ.२२०) । यस गुणमा लामा

लामा समस्त शब्दको अधिकतम प्रयोग भएको हुन्छ र ट, ठ, ड, ढ, श, ष जस्ता कठोर वर्णको रेफ लागेका वर्णहरूसँग समन्वय भएको हुन्छ । समष्टिमा जटिल पदसङ्घटना भएको, चित्तलाई दीप्त पार्ने, गम्भीर, कठोर वर्णहरूको प्रयोग भएको प्रथम वर्गका वर्णको तृतीय वर्गका वर्णसँग मेल देखिने गुण ओज गुण हो ।

राजेश्वरी खण्डकाव्यमा माधुर्यसँगसँगै ओज गुण पनि अन्तर्निहित भएर आएको छ । काव्यमा राजेश्वरीको वीरता, साहस र आवेगका भावाभिव्यक्तिमा यो गुण पाइन्छ । यस काव्यका सातौँ, आठौँ, नवौं र एघारौँ छालमा यो गुण विशेष रूपमा उद्दीप्त भएर आएको छ भने अन्य छालका वीर, रौद्र र वीभत्स रसका कवितामा पनि अन्तर्निहित भएर आएको छ । यस काव्यमा ओज गुण अनुकूलको साहसिक भाव, भावानुकूलको शैली, लामा लामा समस्त शब्दको प्रयोग, वीर, रौद्र र वीभत्स रसानुकूलका कठोर वर्ण रचनाको संयोजनले ओज गुण सशक्त बनेको छ । यसलाई निम्नानुसार यसरी पुष्टि गरिएको छ :

मेरो आसन डगमगाई म उठें एकान्त कैलाशमा ।
तेस्रो नेत्र खुलेर चाल ननिको देखें यहाँ देशमा ॥
आफ्नै केश उखेली आज भुइंमा पड्कन्छु पड्कन्छु म ।
उठ्तैनौ किन वीर, भद्र भन रे कड्कन्छु कड्कन्छु म ॥ (ऐ, ९ : ३ )

प्रस्तुत काव्यांशमा नेपालको इतिहासमा वीर वीरङ्गनाका रूपमा पहिचान स्थापित गर्न खोजेकी राजेश्वरीलाई रहस्यका जालाहरू बुन्दै आर्यघाट पुऱ्याउने क्रममा बागमती पर पुग्नासाथ सेनाहरूले रोक्छन्, वसन्तपुरतर्फ जान दिँदैनन्, त्यस अवस्थामा रानीले सेनालाई आफ्नो पक्षमा उभिन आह्वान् गरेकी छन् । कैलाशको आसन डगमगाएर उठेकी राजेश्वरीले आफ्ना तेस्रो आँखाका रूपमा रहेका ज्ञान चक्षु खुलेर दरवारिया षड्यन्त्रलाई देख्न र बुझ्न सकेको कुरा उल्लेख गरेकी छन् । उनले यो षड्यन्त्रको विरूद्ध लाग्ने दृढ सङ्कल्प व्यक्त गर्दै वीर वीरभद्रजस्ता राष्ट्रसेवकको सहयोगको खाँचो भएको कुरा व्यक्त गरेकी छन् । उनले यस जोखिमपूर्ण अवस्थामा आफ्ना साहसी कदमलाई उद्दीप्त पार्ने क्रममा ओजगुणयुक्त यी भावहरू व्यक्त गरेकी छन् । यस काव्यांशका पहिलो, तेस्रो र चौथो पाउमा कठोर वर्ण ट, ठ, ड को प्रयोग र पुनारावृत्ति भएको छ । कड्किन्छु, पड्कन्छु, डगमगाई, उठ्दैनौ जस्ता शब्दको प्रयोग र पुनरावृत्तिले भावाभिव्यक्तिका दृष्टिले काव्य अलि जटिल भएको छ । त्यसैगरी भाषिक विधान र भाव विधानका दृष्टिले पनि कठोर रहेको राजेश्वरीको यस अभिव्यक्तिमा ओज गुण अन्तर्निहित भएर रहेको छ । यसैगरी यस काव्यांशमा वीरभद्रजस्ता सिपाही रानीको पक्षमा उभिनु पर्ने र दरवारिया भाइभारदारको षड्यन्त्रका विरूद्ध एकजुट हुनुपर्ने भाव गम्भीर रूपमा अभिव्यक्त भएको हुनाले ओज गुण अन्तर्निहित भएर रहेको छ । चित्तलाई उद्दीप्त पार्ने यस कवितामा राजेश्वरीको वीर र साहसी भावलाई अभिव्यञ्जित गरिएको छ । यो काव्यांश पढ्दा वा सुन्नासाथ चित्तमा उत्साहयुक्त तेजिलो गुण विस्तारित भएको छ । त्यसैले उपर्युक्त काव्यांशमा ओज गुण अन्तर्निहित भएर आएको छ :

चड्कन्छ्यौ जब बज्रतुल्य रिसले हे बज्रकी जोगिनी ।
छड्की उठ्दछ दैत्यको रगतले तिम्रो कराही अनि ॥
काली शून्यको विवरमा निल्छ्यौ महासृष्टि जो ।
गर्छ्यौ पालन नित्य भक्तजनमा राखी दयादृष्टि जो ॥ (ऐ, ७ : ५)

प्रस्तुत काव्यांशमा दरबारिया षड्यन्त्र र जालझेलका कारण राजेश्वरीलाई सतीवेदीमा पुऱ्याउन थालेको थाहा पाएर उनी तड्पिएको, छटपटिएका देखेपछि पुजारीले उनको रौद्र रूपको अवस्था व्यक्त भएको छ । यस साक्ष्यमा षड्यन्त्रका कारण रानी रिसाएर महाकालीको रूप धारण गरेको अवस्थाको वर्णन गरिएको हुनाले ओजगुण अन्तर्निहित भएर रहेको छ । यस काव्यमा च, छ, ट, ड जस्ता कठोर वर्णको प्रयोग भएको छ । बज्रतुल्य, महासृष्टि, दयादृष्टि जस्ता समस्त शब्दको प्रयोगका साथै भाषा तथा

ध्वनितत्त्वका दृष्टिले पनि जटिल र कठिन चड्कन्छ्यौ, बज्रतुल्य, छड्की, दयादृष्टि जस्ता पदपदावलीको प्रयोग भएकाले ओज गुण अन्तर्निहित भएर आएको छ। भाषिक विधान तथा भाव विधानका दृष्टिले पनि मानव मनलाई झट्का दिने भावाभिव्यक्ति प्रस्तुत भएकाले ओज गुण अभिव्यञ्जित भएको छ। महाकालीको रूप लिएर छटपटाइरहेकी राजेश्वरीलाई देखेपछि पुजारीको अन्तरआत्माबाट यी अभिव्यक्ति प्रष्फूटन भएका हुन्। प्रस्तुत साक्ष्यमा राजेश्वरीमा अन्तर्निहित अदम्य साहसले आपत्कालीन अवस्थामा महाकालीको रूप धारण गरेको भावाभिव्यञ्जन भएको छ । यस्तो आपत्कालीन अवस्थामा रहेकी अपरिचित राजेश्वरीलाई देखेपछि पुजारीले उग्र कठोर रूपलाई शान्ति दिलाउन देवीसँग प्रार्थना गरेका छन् । राजेश्वरीको मानकितामा चढेको साहसिक भाव र कठोर क्रियाकलापयुक्त मनस्थितिले ओज गुणको पुष्टि भएको छ :

रच्छन् वीर जुटेर आज बलिया किल्ला कलुङ्गामहाँ ।
पुर्खाका पदचिन्ह छन् अमिट रे प्रत्येक ढुङ्गामहाँ ॥
हाम्रो हृदय हिल्छ मूल, छहरा छाँगा रगङ्गामहाँ ।
हाम्रो जीवन खिल्छ ज्योतिवनका अम्लान थुँगामहाँ ॥ (ऐ, ११ : २)

प्रस्तुत साक्ष्यमा वीर नेपालीहरूको साहासिक कार्य उद्घोष भएको छ। यस काव्यांशमा पूर्वीय प्रभा फैलाएर संसारमा नेपालीको साहासिक क्रियाकलाप विस्तार गर्नुपर्ने भाव आएको छ। नेपाली वीर पुर्खाका वीरताका पदचिन्ह मेट्न नसकिने अवस्थामा रहेका छन्। त्यसैले नेपालको गुमेको भाग फिर्ता गराउन रानीले आफ्नो नेतृत्वको खाँचो रहेको विषयमा प्रकाश पारेकी छन्। प्रमुख पात्र राजेश्वरीले अभिव्यक्त गरेको उपर्युक्त अभिव्यक्तिमा वीरता र जोसका साहसिक भाव अभिव्यञ्जन भएका छन्। यी भावले पाठकलाई जोसिलोपनको अनुभूति गराएका छन् । राजेश्वरीको साहसिक भाव, वीर रसको अभिव्यक्ति, कठोर वर्णको प्रयोग, कलुङ्गामहाँ, ज्योतिवन, गङ्गामहाँजस्ता लामा समस्त पदको प्रयोगले उपर्युक्त काव्यांशमा ओज गुण रहेको पुष्टि भएको छ :

बोलेथे जयकार वीरहरूले त्यै वीरताको अगि ।
डोलेथ्यो अनि खल्बलाइ वनमा चित्लाङ खोलो बगी ॥
हाँसेथ्यो नव कान्ति कान्तिपुरमा हेरेर चन्द्रागिरि ।
छाएथ्यो त्यस कीर्तिका लहरले टिष्टा र रावी तरी ॥ (ऐ, ८ : ४)

प्रस्तुत काव्यांशमा बूढो गाइनेले दुःख पाएर हेलम्बुबाट कान्तिपुरतिर आएकी राजेश्वरीको अतीतको वीर गाथालाई कर्खा बाँधेर गाएको छ। छक्याएर ल्याएकी राजेश्वरीका मनमा बाटोभरि अनेक किसिमका आशङ्का उत्पन्न भएका छन्, मन स्थिर छैन तापनि उनको साहस र वीरतामा कमी आएको छैन। राजेश्वरीको अतीतलाई बुझेका बूढो गाइनेजस्ता नेपालीले उनको वीरताको जयजयकार गरेका छन् । रानीको कान्तिपुर आगमनमा प्रकृति पनि रमाएको छ। ती वीर विरङ्गनाको पुनरागमनमा कान्तिपुरमा कान्ति छाउने आशाले चन्द्रागिरि पनि मुस्कुराएको छ र यो उत्साह रावी र टिष्टासम्म प्रवाहित भएको छ । यस काव्यांशमा राजेश्वरीमा अन्तर्निहित वीर र साहसिक कदमलाई मुक्त कण्ठले प्रशंसा गरिएको छ। च, ट, ड जस्ता कठोर वर्णको प्रयोगमा उत्साह, आवेग र वीरता जगाउने भाव अभिव्यञ्जित भएर आएको हुनाले यस काव्यांशमा ओज गुण अन्तर्निहित छ ।

राजेश्वरी खण्डकाव्यमा ओज गुण मानव मानसिकतामा रहेका वीरता, साहसिक कदम, जिजीविषायुक्त भाव, रोष, आक्रोश तथा जगत्लाई मानवीय संवेदनाको अभिव्यक्ति स्पष्ट होस् भन्ने आधार निर्माण गर्ने सन्दर्भमा आएको छ। काव्यमा यस गुणले माधुर्य गुणको अभिव्यक्तिलाई साकार रूप प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। ओजगुणको प्रस्तुति हेलम्बूमा निर्वासित राजेश्वरीलाई झुक्याएर ल्याई आर्यघाटको चितामा पुऱ्याउन खोज्दा उनीभित्रको जिजीविषा, पुत्र र जनताप्रतिको जिम्मेवारी र

दायित्वबोधको अभिव्यक्तिमा अभिव्यञ्जित भएको छ। वीर र रौद्र रसयुक्त भावमा अभिव्यक्त हुने यो गुण राजेश्वरी र उनलाई मानवतावादी दृष्टिले हेर्ने गाइने, साँखुको वज्रयोगीनीका पुजारी र उनकै अभिव्यक्तिमा रहेको छ । यस काव्यमा ओज गुण राजेश्वरीको यात्राको दर्दनाक अवस्थाको अवलोकन गरेकी ग्राम्य युवतीको अभिव्यक्तिमा, उनको जीवनमा आइपर्ने संभाव्य आपत्तिमा साँखुको वज्रयोगीनी मन्दिरका पुजारीले गरेको प्रार्थनामा, रानीको पीडायुक्त यात्रालाई अवलोकन गरेको गाइनेको कर्खामा, राजेश्वरीले आर्यघाट पुग्नासाथ सेनालाई आफ्नो पक्षमा लिन खोजेका भावनामा, राजेश्वरीलाई सती जान प्रेरित गर्ने सेना, अमात्य तथा पुजारीका अभिव्यक्तिमा अन्तर्निहित भएर रहेको छ । यस काव्यमा यो गुण छैटौँ छालका केही श्लोकमा, सातौँ, आठौँ, नवौँ, दशौँ, एघारौँ सोह्रौँ र सत्रौँ छालका बत्तीसवटा श्लोकमा अभिव्यञ्जित भएको छ। काव्यमा ओज गुण माधुर्य गुणको पोषक बनेर आएको छ र यो सौन्दर्यानुभूतिको कारक बनेको छ ।

**प्रसाद गुण**

पढ्दा र सुन्दा तत्काल अर्थ छर्लङ्ग भई मूल विषय स्वच्छ जलधारा झैं हृदयग्राह्य हुन सक्नु नै प्रसाद गुणको वैशिष्ट्य हो (सुवेदी, २०५५, पृ.२२६) । आचार्य भरतमुनिले स्वच्छ, सरल, सहज, ग्राह्य रचना जसलाई पढ्दा वा सुन्दा सजिलै भाव बुझ्न र अर्थ ग्रहण गर्न सकिने गुणलाई प्रसाद गुण भनेका छन् भने आचार्य भामहले सबै (स्त्री तथा बालक) ले सहज रूपमा बोध गर्न सक्ने गुणका रूपमा चिनाएका छन् । दण्डी, वामन, आनन्दवर्धन र मम्मटले पनि जनसाधारणका लागि शब्द र भावको सरल, सहज तरिकाले सुबोध्य चित्तमा प्रवाहित हुने गुणलाई प्रसाद गुण भनेका छन् (भट्टराई, २०७७, पृ.२२२) । प्रसाद भनेको सुन्ने बित्तिकै अर्थ छर्लङ्ग हुने भई प्रतिपाद्य विषय, स्वच्छ जलधाराझैं हृदयमा सरर फिंजाइदिने गुण हो (सिग्देल, २०५८, पृ.२०३) । सुकेका दाउरामा आगो प्रवाह भएझैं चित्तमा तत्काल व्याप्त हुने यो गुण पाञ्चाली रीतिको आधार हो र यो सबै रसका कवितामा उपयोगी हुन्छ । वर्णमा आश्रित नभई पदावलीमा आश्रित हुने यस गुणमा प्रायः समासरहित पदरचना उपयुक्त हुन्छ। यसका साथै मधुर रसले भरिपूर्ण सर्वरस व्याप्त अर्थगत निर्मलता भएको यस गुणमा विभिन्न काव्य तत्त्वको समन्वय भएको हुन्छ। वास्तवमा काव्यगुण छुट्टै पृथक् तत्त्व विशेष नभएर यो रस, अलङ्कारजस्ता काव्यतत्त्वको समन्वित रूप हो र यसले काव्यको रचना पद्धतिलाई सङ्केत गर्दै काव्यसौन्दर्यलाई उत्कर्षमा पुऱ्याउँछ । पाश्चात्य साहित्यमा गुणको छुट्टै चर्चा गरिएको छैन तापनि अरस्तुले शैलीको तत्त्वगत औचित्य र स्पष्टताको उल्लेख गर्दा काव्य रचना शैलीको विशेष प्रकारलाई सङ्केत गरेका छन् ।

यस काव्यमा सबै रस र सबै किसिमका रचनामा विशेषतः उपयोगी मानिने प्रसाद गुण अभिव्यञ्जित भएका कविताहरू धेरै जसो छालमा रहेका छन् तापनि मानवीय मनमा सहज रूपमा भाव प्रवाह हुने काव्यलाई यसरी प्रस्तुत गरिएको छ :

रानी हुन् यिनलाई आज जन हो एकै मुठी प्राण द्यौ ।<br>
छोडी निर्दय देश यो हृदयको हेलम्बूमै जान द्यौ ॥<br>
गर्मीमा जसरी गुमाइ जिउका भुत्ला, चरी, गौंथली ।<br>
फर्कंछे चीर शीतलो विरहको कैलाशमा एकली ॥ (ऐ, १९ : १)

प्रस्तुत काव्यांश पढ्दा/सुन्दा तत्काल अर्थ छर्लङ्ग हुने प्रतिपाद्य विषयवस्तु अन्तर्निहित भएर रहेको छ । यस कवितामा चितामा ज्वाला बल्न लाएको देखेर दर्शक मध्येको एकजना कलाकारले राजेश्वरीलाई उनको इच्छा विरूद्ध मर्न बाध्य नगराइयोस् भन्ने भाव अभिव्यक्त गरेको छ । परम्परित धर्मका नाममा राजेश्वरीलाई मृत्युको मुखमा नधकेलियोस् भन्दै एक मुठी प्राणसहित हेलम्बूकै हरियालीले युक्त कैलाशको क्रीडाभूमिमा हाँस्न र बाँच्न अवसर प्रदान गर्न आह्वान गरिएको छ । राजेश्वरीको जिजीविषामाथि खेलबाड नगरियोस् भन्दै कलाकारले मानवतावादी भाव व्यक्त गरेको छ । उपर्युक्त

काव्यांशमा हृदयलाई पगाल्ने किसिमको कारूणिक भाव अभिव्यक्त भएको छ । चित्ताकर्षक शैलीको प्रयोग, गण रचना, अक्षर संरचना, ध्वनि, भावौचित्य पद र पदावलीको प्रयोग सबै माधुर्य र ओज गुणका बीचको मध्यमार्गी किसिमको हुनाले प्रसाद गुण अभिव्यञ्जित भएको छ । मान्छेले मान्छेको बाँच्ने अधिकार खोस्नु हुँदैन, उनी विगतमा जसरी रहेकी थिइन् त्यसरी नै हाँस्न, बाँच्न र रमाउन पाउनु पर्ने भाव अभिव्यञ्जित भएको हुनाले यस काव्यमा प्रसाद गुण रहेको पुष्टि हुन्छ । गर्मी याममा पखेटाका भुत्ला गुमाएर निरीह बनेको गौंथलीजस्तै निरीह बनेर एकाकी जीवन व्यतित गरेकी राजेश्वरीको जीवनमा आइपरेको भवितव्यात्मक पीडायुक्त अवस्थालाई मधुर रसयुक्त भावमा सहज र स्वतः स्फूर्त रूपमा अभिव्यक्त गरिएको हुनाले उल्लिखित काव्यमा प्रसादगुण अन्तर्निहित भएर आएको छ :

एक्लो कोमल प्याउली कुसुम यो एक्लासमा फुल्न द्यौ ।
सन्ध्यामा छलिने कुनै किरण यो कैलासमा डुल्न द्यौ ॥
मान्छेबाट नकाट दुःख सुखको यौटै पनि यो क्षण ।
सारा सृष्टि सिगार्छ इन्द्रधनुको यौटै पनि यो कण ॥ (ऐ, १९ : ५)

प्रस्तुत काव्यांश राजेश्वरीको विवशता र जिजीविषालाई बुझेको दर्शकमध्येको कलाकारले अभिव्यक्त गरेको हो । यहाँ हेलम्बुमा एकाकी जीवन बिताएकी, प्याउली फूलजस्तै एक्लै फुलेकी, फक्रेकी राजेश्वरीको जीवनलाई चितामा चढाउनुहुन्न भन्ने भाव अभिव्यक्त भएको छ । मान्छेले मान्छेको जिजीविषालाई बुझ्नुपर्छ । राजा छँदा उनको मायाबाट बञ्चित भएकी, दरवारिया षड्यन्त्रका कारण हेलम्बुमा फ्याकिएकी, गीर्वाणकी धर्मकी आमालाई जबर्जस्ती चितामा चढाउने हुन्न, उनको जिजीविषाको सम्मान गर्नुपर्ने भाव अभिव्यञ्जित भएको छ । मानवबाट मानवमाथि यस्तो अमानवीय व्यवहार गरिनु न्यायोचित हुँदैन । इन्द्रेणीले सारा सृष्टिलाई श्रृङ्गार भरेजस्तै एउटा मानवले पनि सारा जगत्मा उज्यालो छर्न सक्छ, उर्वर र हराभरा बनाउन सक्ने भावाभिव्यञ्जित यस काव्यांशमा शब्दार्थप्रशन्नता, धीरता र मानवतावादी चिन्तन छर्लङ्ग हुन आएकाले यस काव्यमा प्रसाद गुण अन्तर्निहित भएर आएको छ । उपर्युक्त काव्यांशमा मध्यमार्गी शैलीको प्रयोग भएको छ, सृष्टि, दुःख, सुख, कोमल, सन्ध्याजस्ता लोकप्रसिद्ध शब्दको प्रयोगका कारण भावको सहज रूपमा व्याप्ति भएको छ । काव्यांशमा गणरचना, अक्षरसंरचना, ध्वनि, शैली, पदावलीको प्रयोग सबै माधुर्य र ओज गुणका बीचको मध्यमार्गी किसिमको हुनाले प्रसादगुण अभिव्यञ्जित भएको छ । यस सृष्टिमा मनुष्यले सुख, दुःख, अपूर्णता र निरर्थकताको बोध गरेको देखिए पनि यहाँ उल्लेख भएको मानवतावादी दृष्टिलाई आत्मसात् गर्दा प्रत्येक मनुष्यमा सृष्टिगत सौन्दर्यबोध एवम् जीवनगत जिजीविषाको तीव्र आकाङ्क्षा हुन्छ र हरेक मानव बिनाव्यवधान बाँच्न पाउनु पर्छ भन्ने भाव स्वतः स्फूर्त रूपमा सञ्चरण भएको छ :

खोज्छिन् केवल बाच्न वीर रमणी यै देशका निम्तिमा ।
ज्यूदो ज्योति निभाउँछौ तर तिमी निष्प्राणको प्रीतिमा ॥
तिम्रो धर्म यही अधर्म अरूका बाँच्ने सबै कोशिश ।
यस्तो पावन सृष्टिभित्र कसरी पापी बन्यो मानिस ॥ (ऐ, १७ : ४)

प्रस्तुत काव्यांशमा राजेश्वरीको जिजीविषालाई कुल्चेर चितामा चढाउने जुन निर्णय भएको छ त्यो पूर्ण अन्यायपूर्ण भएको छ भन्ने भावाभिव्यक्ति दर्शकहरूमध्येको राजनीतिज्ञले व्यक्त गरेको हो । राजेश्वरी देशका निम्ति बाँच्न खोज्दा पनि पुरोहित, सिपाही, अमात्य, भाइभारदार सबैले उनको जिजीविषाका अपहरण गरेका छन्, जबर्जस्ती चितामा चढाएका छन् । यस्तो अमानवीय, अन्यायपूर्ण व्यवहार गरिनु भनेको मानवले नै मानवतालाई कुल्चनु हो भन्दै आजको मानिस पापी र अधर्मी बन्दै गएकोमा चिन्ताको भाव व्यक्त भएको छ । यस काव्यको पठनले चित्तमा स्वच्छ एवम् स्पष्ट भाव सञ्चरण भएको छ, भावको सम्पेषण स्वतःस्फूर्त रूपमा भएको छ । यस काव्यांशमा माधुर्य र ओज गुण दुबैका विशेषता मिश्रण भएर आएका हुनाले प्रसाद गुण अन्तर्निहित भएर रहेको छ :

गइन् रानी विद्या रवि पनि उदासी बनि गए ।
रहेथे जो बाँचुसरि गरि सधैं ती पनि गए ॥
छ बाँकी यी हावाका हर लहरमा मार्मिक कथा ।
पुछिन्नन् रे आँसू पुछिकन पनि निष्ठुर व्यथा ॥ (ऐ., २० : १)

प्रस्तुत काव्यांशमा कवि स्वयंले युगीन व्यथा र वेदनालाई बाग्मतीको तिरमा बसेर गाएका छन् । संघर्षशील, वीर विरङ्गना राजेश्वरी कैलाशको शीतल छायाबाट किन र कसरी बाग्मतीको चितामा आइपुगिन् भन्ने कुरा मनन गरेका कविले आफ्नो हृदयबाट यी मधुर मर्मस्पर्शी करूण भाव उल्लिखित काव्यांशमा अभिव्यञ्जित गरेका छन् । यी काव्यांशमा आइपुग्दा शोक स्थायीभाव परिपाकको अवस्थामा पुगेको छ र भाव विशिष्टबाट सामान्यीकरण भई साधारणीकरणको अवस्था सिर्जना भएको छ । कविले नेपालको इतिहासमा छुट्टै पहिचान खडा गर्न चाहेकी राजेश्वरीको अवसानले सूर्य पनि मधुर र उदासी भए र उनको वियोगमा शोकमग्न रहेको कुरा उल्लेख गरेका छन् । राजेश्वरीको संघर्षशील जिजीविषाको कथा अब हावामा समन्वित भई विश्वभरि मानवताको सन्देशसहित फैलने छ र उनका ती संघर्षशील व्यथा र वेदनाका आँसु पुछेर पनि पुछिने अवस्थामा रहने छैनन् भन्ने वास्तविक जीवनदर्शन सहज रूपमा तत्त्वमीमांसाका रूपमा अभिव्यक्त भएका छ ।

मूलभूत रूपमा राजेश्वरी खण्डकाव्यको यस काव्यांशमा माधुर्य र ओज दुबै गुणका विशेषता मिश्रण भएर आएका हुनाले प्रसादगुण अन्तर्निहित भएर आएको छ । उपर्युक्त काव्यांशमा करूण रस साधारणीकृत भई अभिव्यञ्जित भएकाले प्रसादगुण पाठकको मनमा सञ्चरण भएको छ ।

राजेश्वरी खण्डकाव्यलाई संस्कृत काव्यचिन्तनले स्थापित गरेको त्रिगुणसम्बन्धी मान्यताका आधारमा विश्लेषण गर्दा यस काव्यका सबै छालमा प्रसादगुण अभिव्यञ्जित कविता रहे पनि मूलतः माधुर्य र ओज गुण समन्वित कविता पाँचौं, सत्रौं, अठारौं, उन्नाइसौं र बीसौं छालका श्लोकमा यस गुणको प्रभाव बढी रहेको छ। यस काव्यमा माधुर्य गुणको गुणगत सिद्धि अभिव्यक्त भएको छ। काव्यिक रचनाका क्रममा पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौ, तेह्रौं, अठारौं, उन्नाइसौं र बीसौं छालका अधिकांश श्लोकमा कोमलकान्त वर्ण, समस्त शैली, समासरहित छोटा शब्द, करूण रसप्रधान अभिव्यक्ति तथा त्यसका माध्यमबाट पाठकका मानसिकतामा संवेदना सिर्जना गर्ने सुललित प्रभावोत्पादक अभिव्यक्ति, तथा तिनले सिर्जना गर्ने माधुर्यता यस काव्यलाई माधुर्य गुणप्रधान कृति तुल्याउने आधार बनेका छन् । यस खण्डकाव्यमा माधुर्य गुणलाई गुणसिद्धि तुल्याउन सहयोगी भएर ओज र प्रसादगुणको अभिव्यञ्जना भएको छ। खण्डकाव्यमा ओजगुणको प्रस्तुति काव्यनायिका राजेश्वरी लगायत सेना, अमात्य, पुरोहितका मानसिकतामा रहेका जिम्मेवारीबोध, वीरता, साहसिक अनुभूति, आक्रोश तथा जगत्लाई मानवीय संवेदनाको अभिव्यक्ति स्पष्ट होस् भन्ने आधार निर्माण गर्ने सन्दर्भमा व्यक्त भएका छन् । काव्यमा आएका ओजगुणयुक्त भावाभिव्यक्तिले माधुर्य गुणको अभिव्यक्तिलाई साकार रूप दिन महत्त्वपूर्ण भूमिका खेलेका छन् । यस लेखमा प्रसादगुणले ओजगुणका सापेक्ष कथ्यगत आलङ्कारिकता र अन्तर्वस्तुलाई पाठ्य, बोध्य र प्रस्तुतिगत प्रभावकारिता सिर्जना गरी काव्य सौन्दर्यलाई उत्कर्षमा पुऱ्याएको छ ।

## निष्कर्ष

राजेश्वरी खण्डकाव्य माधुर्य गुणप्रधान खण्डकाव्य भएपनि त्रिगुणको सन्तुलित प्रयोगावस्थाले काव्यसौन्दर्य उत्कर्षमा पुगेको छ। यस काव्यमा करूण रस परिपाकको अवस्थामा पुगी रसानुभूति भएको छ । काव्यमा माधुर्य, ओज, प्रसादजस्ता त्रिगुणका कारण शोक स्थायी भाव परिपाकको अवस्थामा पुगी पाठक वा प्रेक्षकले आनन्दानुभूति गर्ने अवस्था सिर्जना भएको छ । रस, रीति, अलङ्कार, ध्वनि, छन्द, लयको उत्तरोत्तर प्रगतिका कारण माधुर्य गुण उत्कर्षमा पुगेको छ, प्रमुख पात्रको अनुभव र अनुभूतिले आशातीत मानवतावादी चिन्तनको अभ्युदय भएको छ। यस काव्यमा ओज गुणको प्रयोगले वीर, रौद्र तथा

श्रृङ्गार रसलाई रसाभासको अवस्थामा पुऱ्याएको छ। राजेश्वरीको वीरता, साहस र आवेगका भावाभिव्यक्तिमा ओज गुण अन्तर्निहित भएर आएको छ। उच्च सङ्गीतात्मकता, पदावलीको संयोजन, छन्दप्रयोग, आख्यान र भावका बीचको समन्वय वर्णसाम्य, ध्वनिसाम्य, कठोर वर्णको पुनरावृत्ति, लयढाँचा, गणसंरचना, बिम्बालङ्कारको सहज र स्वाभाविक प्रयोग समस्त शब्द तथा शैलीको प्रयोगका कारण ओज गुणले पाठक वा श्रोताको मनलाई गम्भीर बनाएको छ, । काव्यलाई संवेदनशील र कारूणिक बनाएको छ भने प्रमुख पात्रमा अन्तर्निहित जिजीविषालाई जीवन्त बनाएको छ। प्रसाद गुणका कारण काव्य सरल, सहज, कर्णप्रिय र आनन्दप्रद बनेको छ । यही गुणका कारण काव्यमा बोधगम्यता अन्तर्निहित छ, यही गुणले पाठकको मनलाई उद्दीप्त पारेको छ । काव्यका छन्दगत गण, गति, यतिको प्रयोग, भावानुकूलका छोटाछरिता पदपदावलीको प्रयोग, परिष्कृत भावमय व्यञ्जनात्मक शैलीमा  दुर्दान्त अनुभूतिलाई कविताका श्लोकहरूमा उन्दा भावकको हृदयलाई द्रवित पार्न सक्ने गरी शोक भावको स्थायीकरण भएको छ। प्रस्तुत काव्यमा शार्दूलविक्रीडित तथा शिखरिणी छन्दका २० छाल र १०० श्लोक रहेका छन्। यी सबै छालमा रहेका श्लोकमा शब्दसंयोजन र भाव संयोजनले काव्यलाई मितव्ययी, सुमधुर, प्रौढ र परिष्कृत काव्यका रूपमा स्थापित गरेका छन्, खण्डकाव्यको मूल भावको प्रवाहमा आएका अधिकांश छालका श्लोकहरूमा शोक स्थायी भाव भएको करूण रस उत्कर्षमा पुऱ्याउने माधुर्य गुणयुक्त भाव र वर्ण तथा शब्दसंयोजन प्रमुख बनेर अभिव्यञ्जित भएको छ भने वीरता र साहसिक भाव अभिव्यत गर्ने वीर, रौद्र तथा शान्त र सयुक्त ओजलगायत प्रसाद गुणयुक्त भावाभिव्यक्ति अङ्गका रूपमा रहेका छन्। त्यसैले प्रस्तुत कृतिको अङ्गी रसका रूपमा करूण रसलाई उत्कर्षमा पुऱ्याउने सौन्दर्यानुभूति गराउने कार्य त्रिगुणबाट भएको छ। काव्यमा प्रस्तुत काव्यकला, शब्दसंयोजन, भावसंयोजन, छन्द, रस, ध्वनि आदिका कारण काव्यसौन्दर्य उत्कर्षमा पुगेको छ। भावानुकूलको शैली र शब्द संयोजनका कारण राजेश्वरी खण्डकाव्य गुण विश्लेषणका दृष्टिले सशक्त र सबल रहेको छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, हेमाङ्गराज (२०४३), *पूर्वीय समालोचना सिद्धान्त* (तेस्रो संस्क.), काठमाडौं : साझा प्रकाशन ।

अवस्थी, महादेव (२०६४), *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श* काठमाडौँ : इन्टलेक्चुअल बुक प्यालेस ।

आनन्दवर्धन (२०६५), *ध्वन्यालोक (लोचनटीकासहित)*, पुनर्मुद्रण, वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

उपाध्याय, केशवप्रसाद (२०६७), *पूर्वीय साहित्य सिद्धान्त* (पाँचौ संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

गड्तौला, नारायण (२०७७), *पूर्वीय काव्यशास्त्रको प्रायोगिक पद्धति*, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

घिमिरे, माधवप्रसाद (२०५०), *राजेश्वरी*  (छैटौं संस्क.), काठमाडौं : साझा प्रकाशन  ।

त्रिपाठी, वासुदेव (२०२८), 'नेपाली कविताको यात्रा' *आधुनिक नेपाली कविता* (सम्पा. कृष्णचन्द्रसिंह प्रधान), काठमाडौँ : साझा प्रकाशन ।

पोखरेल, भानुभक्त (२०५६), *माधव घिमिरेका विशिष्ट खण्डकाव्य* (दोस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

भट्टराई, गोविन्द (२०७७), *पूर्वीय काव्य सिद्धान्त* (दोस्रो संस्क.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

भट्टराई, गोविन्द (२०३९), *भरतको नाट्य शास्त्र*, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

भामह (२०५९), *काव्यालङ्कार*, राजस्थान : राष्ट्रिय संस्कृत संस्थान ।

विश्वनाथ (सन् १९९३), *साहित्य दर्पण* (प्रथम खण्ड), कृष्णदास अकादमी ।

शर्मा, मोहनराज, र लुइटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त*, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सिग्देल, सोमनाथ (२०५८), *साहित्य प्रदीप* (दोस्रो संस्क.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, हंसपुरे (२०५५), 'काव्य गुण', *नेपाली साहित्यकोश,* (सम्पा. ईश्वर प्रधान र कृष्णचन्द्रसिंह प्रधान), काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

**लेखक**

**माया घिमिरे**, राममणि बहुमुखी क्यामपस, रूपन्देहीमा नेपाली विषयकी उपप्राध्यापक हुनुहुन्छ । उहाँले मानविकी तथा सामाजिक शास्त्र सङ्काय त्रि .वि.बाट नेपाली विषयमा स्नातकोत्तर तह प्रथम श्रेणीमा उतीर्ण गर्नुभएको छ। विशेषगरी महिला तथा सीमान्तकृत वर्गसम्बद्ध विषयमा अध्ययन अनुसन्धान गर्न रुचाउने घिमिरे 'समकालीन नेपाली कथामा लैङ्गिकता ' शीर्षकमा विद्यावारिधि तहमा अध्ययनरत शोधार्थी पनि हुनुहुन्छ ।